खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी

**जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,**
**भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

****************************************************************************************************

## विदेशी तथा विदेशसँग जोडिएका बच्चाको लागि प्राथमिक विद्यालय भर्ना सम्बन्धि जानकारी कार्यक्रम

"जापानको प्राथमिक विद्यालय भनेको कस्तो ठाउँ हो? " "जापानिज भाषा नबुझ्ने हुनाले विद्यालय भर्ना सम्बन्धि जानकारी कार्यक्रममा गए पनि केहि बुझ्दिन..." जस्ता प्राथमिक विद्यालय भर्ना सम्बन्धि चिन्ता तथा प्रश्नहरूको उत्तर दिई मद्दत गर्छौं। जापानको प्राथमिक विद्यालयको बारेमा पूर्व प्रधानाध्यापकको कुराहरु सुन्नेछौँ र भिडियो तथा गाइडबुक (बहुभाषी र खान्जिको माथि हिरागाना लेखेको) हेर्दै विद्यार्थी जीवन र भर्नाको लागि के-के तयारी गर्ने भनेर व्याख्या गर्नेछौं।

**कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि होमपेज तथा कार्यक्रमको पर्चा हेर्नुहोस्।**



**मिति** :२०२३/ १/ २८ (शनिबार) दिउँसो १:३० देखि ४:०० सम्म
**स्थान** :खावासाकी अन्तरास्ट्रिय केन्द्रको हल
**शुल्क** :नि:शुल्क (अनुवाद तथा बच्चा हेरिदिने सुबिधा उपलब्ध छ, बूकिंग गर्नु पर्नेछ।)
**सम्पर्क** :फोन(044-455-8811)、इमेल(soudan39@kian.or.jp)अथवा केन्द्रमा आएर प्रत्यक्ष आवेदन

................................................................................................................

## खानागावाको सार्वजनिक प्राथमिक तथा माध्यामिक विद्यालयमा बच्चालाई भर्ना गर्न चाहनेहरुका लागि

अर्को वर्षको अप्रिलबाट खावासाकिको सार्वजनिक प्राथमिक तथा माध्यमिक विद्यालयमा आ-आफ्नो बच्चाहरुलाई भर्ना गर्न चाहने विदेशीहरुले आफु बस्ने ठाउँको वडा कार्यालय अथवा नगरपालिकामा गएर भर्नाको लागि निवेदन दिनु होला। अहिलेको भिषा अनुसार जापानमा बस्ने म्याद सकेको भएता पनि निवेदन दिन सक्नुहुन्छ।

**लक्षित व्यक्ति** : प्राथमिक विद्यालयका विद्यार्थी ⇒ २०१६ / ४/ २ देखि २०१७/ ४/ १ सम्म जन्मेका बच्चाहरु
माध्यामिक विद्यालयका विद्यार्थी ⇒ २०२३ साल मार्चमा प्राथमिक विद्यालय सकिने बच्चाहरु
**सम्पर्क** : वडा कार्यालयको निवासी विभाग अथवा नगरपालिकाको निवासी केन्द्र

****************************************************************************************************

## २८औं विदेशीहरुको जापानिज भाषा वक्तृत्व-कला प्रतियोगिता

**प्रतिस्पर्धीहरुको निवेदन लिइदै !**

खावासाकी शहरमा अध्ययन गर्ने, काम गर्ने अथवा खावासाकी शहरको जापानिज भाषा पढाउने कक्षामा अध्ययन गर्ने विदेशी विद्यार्थीहरु लक्षित जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगितामा भाग लिएर हेर्न चाहनु हुन्छ ? (भाग लिनको लागि पढने ठाउँ अथवा काम गर्ने ठाउँको सिफारिस चाहिन्छ। )

**मिति र समय : २०२३/ २/ १८ (शनिबार) दिउँसो १:०० देखि ३:३० सम्म**
※खराब मौसम आदिका कारण रद्द भएमा मार्च ४ (शनिबार) को लागि स्थगित हुनेछ।
**स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल**
**आवेदन दिने अन्तिम म्याद : २०२३/ १/ १८** (बुधबार)
※विस्तृत जानकारीको लागि खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा सम्पर्क गर्नु होस् ।

यो वर्ष प्रत्यक्ष रुपमा प्रतिस्पर्ध गराइने छ।




****************************************************************************************************



## वर्षको अन्त तथा नयाँ वर्षको बिदाको बेलाको फोहोर संकलन सम्बन्धि

**प्रत्येक क्षेत्रको फोहोर संकलन तालिका जाँच गर्नुहोस् र संकलन गर्ने दिनको बारे राम्ररी ध्यान दिनुहोस्।**

◆ सधै फाल्ने फोहोर तथा पुन:प्रयोगहुने वस्तुको संकलन : २०२२ साल ३१ तारिख (शनि) सम्म र वर्षको सुरुमा २०२३ साल जनवरी ४ तारिख (बुध) बाट सधैको फोहोर संकलन तालिका अनुसार संकलन गरिनेछ।
◆ ठूलो आकारको फोहोर फाल्नको लागि **फाल्नु भन्दा अगाडि जानकारी** गराउन आवश्यक हुन्छ ।कृपया संकलन गर्ने मिति भन्दा ३ दिन अगाडि (डिसेम्बर ३१ तारिख देखि जनवरी ३ तारिख सम्म, शनिबार र आइतबार बाहेक) जानकारी गर्नुहोस्।
 ➢ खावासाकी शहरको वेबसाइटबाट अनलाइन आवेदन दिनुहोस् (शुरुमा प्रयोगकर्ताको व्यक्तिगत जानकारीहरु दर्ता गर्न आवश्यक छ)
 ➢ **फोनबाट आवेदन : 044-930-5300 अथवा 0570-044-530** (ठूलो आकारको फोहोर लिने केन्द्र) **समय:** बिहान ८:०० देखि दिउँसो ४:४५

# वर्षको अन्त तथा नयाँ वर्षको बिदाको आपतकालीन क्लिनिक तथा बच्चाहरूको लागि आपतकालीन केन्द्र



**बिदाको बेलामा अचानक ज्वरो आउने जस्ता प्रारम्भिक चिकित्सा सेवा "बिदा आपतकालीन क्लिनिक" मा उपलब्ध छ।**
**उपचारको विषयहरु : आन्तरिक चिकित्सा र बाल रोग**
**बिरामी जाँच्ने दिन : आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्ष** (डिसेम्बर ३० तारिख बाट जनवरी ४ तारिख सम्म)
**बिहान ९:३० देखि ११:३० सम्म र दिउँसो १:०० देखि ४:०० सम्म**
**※बिरामी जाने समय फरक हुन सक्ने भएकोले उपचारको लागि आउनु भन्दा अगाडि कृपया फोन बाट सम्पर्क गरि समयको बारे जानकारी लिनु होस् ।**

| क्लिनिकको जापानिज नाम र विदेशी भाषिक नाम | फोन नं र वडा नं | रिसेप्शन तथा बिरामी जाँच्ने समय |
|---|---|---|
| नाम्बु स्योजी क्युब्यो सेन्टर (खावासाकी अस्पताल भित्र )<br>(दक्षिणी भागको बाल आपतकालीन केन्द्र) | 044-233-5521<br>खावासाकी वडा | प्रत्येक साझँ ५:०० देखि अर्को दिनको बिहान ८:३० सम्म रिसेप्शन खुल्ने<br>आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्षमा २४ घण्टा संचालन |
| खावासाकी क्युजिचु क्युखान सिनर्योज्यो<br>(खावासाकी वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-211-6555<br>खावासाकी वडा | |
| साइवाई क्युजिचु क्युखान सिनर्योज्यो<br>(साइवाई वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-555-0885<br>साइवाई वडा | |
| नाकाहारा क्युजिचु क्युखान सिनर्योज्यो<br>(नाकाहारा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-722-7870<br>नाकाहारा वडा | |
| च्यूबु स्योजी क्युब्यो सेन्टर<br>(मध्य भागको बाल आपतकालिन केन्द्र) | 044-733-5181<br>नाकाहारा वडा | प्रत्येक साझँ ६:३० देखि राति ११:००<br>जापानिज चिकित्सक विश्व विद्यालय मुसाशी कोसुगी अस्पताल भित्र |
| ताकाचु क्युजिचु क्युखान सिनर्योज्यो<br>(ताकाचु वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-811-9300<br>ताकाचु वडा | |
| मियामाए क्युजिचु क्युखान सिनर्योज्यो<br>(मियामाए बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-853-2133<br>मियामाए वडा | |
| तामा क्युजिचु क्युखान सिनर्योज्यो<br>(तामा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-933-1120<br>तामा वडा | बिहान ९:३० देखि ११:३० सम्म र दिउँसो १:०० देखि ४:०० सम्म<br>(आन्तरिक चिकित्सा, बाल रोग)प्रत्येक साझँ ६:३० देखि राति १०:३० सम्म (आन्तरिक चिकित्सा) |
| होकुबु स्योजी क्युब्यो सेन्टर<br>(उत्तरी भागको बाल आपतकालिन केन्द्र) | 044-933-1120<br>तामा वडा | प्रत्येक साझँ ६:३० देखि अर्को दिनको बिहान ५:००(बाल रोग) |
| आसाओ क्युजिचु क्युखान सिनर्योज्यो<br>(आसो वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | 044-966-2133<br>आसाओ वडा | |

◎ **आपतकालीन चिकित्सा सूचना केन्द्र** (दन्त चिकित्साको जानकारी अथवा चिकित्सक परामर्श बाहेकको अन्य चिकित्सा २४ घण्टा संचालन) **फोन नं.: 044-739-191**
◎ **कोरोना भाइरसको खोप लगाउनको लागि सम्पर्क केन्द्र** (**फोन नं.: 044-200-0730 शनिबार, आइतबार र सार्वजनकि बिदामा पनि २४ घण्टा रिसेप्शन खुल्ला**)

*****************************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (**नि:शुल्क**)

## ZOOM प्रयोग गरेर अनलाइन परामर्श लिन सक्नुहुन्छ !

होमपेजबाट बुकिङ्ग गर्नुहोस्।

＊परामर्श सेवाको समय : बिहान ९ बजे बाट साँझ ५ बजे सम्म (दिउँसो खाजा खाने समयमा पनि सेवा उपलब्ध छ।)
＊परामर्श सेवाको प्रत्यक्ष फोन नं. : **044-455-8811**

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको बारहरुमा पनि फोन मार्फत परामर्शको व्यवस्था छ।

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

*अनलाइन परामर्शको लागि आवेदन दिने पेज*

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको पेज

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

(परामर्श सेवा जापानिज भाषामा मात्र उपलब्ध भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिङ्ग पनि गर्न सकिने, **तर सशुल्क**)
**मिति र समय** : २०२२ साल **डिसेम्बेर १८** (आइतबार) र २०२३ साल **जेनेवरी १५** (आइतबार) **दिउँसो २ बजे बाट ४ बजे सम्म**
**स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा